# संघीय संरचना अनुसार स्थानीय तहमा निजी क्षेत्रको प्रतिनिधित्व तथा आपसी सहयोग अभिवृद्धिका लागि

## नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## र

## नेपाल उद्योग वाणिज्य महासंघ बीचको

## समझदारी पत्र

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघका बीच नेपालको संविधान तथा प्रचलित कानुनको अधिनमा रही संघीय संरचनाअनुसार स्थानीय तहमा निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईहरू बीच आपसी सहयोग र सहकार्य गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने गराउने व्यवस्थाको लागि आजको मितिदेखि लागू हुने गरी यो समझदारी गरिएको छ।

१. संघीय संरचना कार्यान्वयन भइरहेको सन्दर्भमा स्थानीय तहहरूमा वार्षिक योजना, कार्यक्रम र बजेट तर्जुमा, राजस्व परामर्श समिति लगायत विभिन्न समिति, उप-समिति, मञ्च, कार्यदलहरूमा निजी क्षेत्रको प्रतिनिधित्व/सहभागिता गराउँदा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/ इकाईको प्रतिनिधित्व हुने व्यवस्थाका लागि संयुक्त पहल गर्ने।

२. उद्योग व्यवसाय क्षेत्रको लागि आवश्यक कच्चा पदार्थ तथा उत्पादित सामग्रीहरूको बिना झन्झट निर्बाध रूपमा आवागमनको लागि सहजीकरण गर्ने कार्यमा सम्बन्धित स्थानीय तह र जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईको आपसी सहयोगमा गर्ने/गराउने।

३. उद्योग धन्दाको प्रवर्द्धन र विकास निर्माणमा आवश्यक पर्ने प्राकृतिक साधन र स्रोतको समुचित प्रयोगमा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईसँग आपसी सहयोग प्रर्वद्धन गर्ने ।

४. सामाजिक सुरक्षासहितको श्रम लचकताको सिद्धान्त अंगीकार गर्दै सम्बन्धित तहको क्षेत्राधिकारभित्र सञ्चालन हुने उद्योग/व्यवसायमा सुमधुर श्रम सम्बन्ध कायम गराउन आपसी समन्वय एवं सहकार्य गर्ने ।

५. प्रचलित कानून तथा नेपाल सरकारले जारी गरेको नियम, कार्यविधि तथा निर्देशिका तथा स्थानीय कानुनले मार्गदर्शन गरे अनुरूपका विभिन्न कृयाकलापहरुको समन्वय, सहयोग, सहजीकरण र अनुगमन तथा मूल्याङ्कनमा निजी क्षेत्रको प्रतिनिधित्व/संलग्नतामा बढी प्रभावकारी हुने अवस्थामा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईको सहभागिता गराई सहयोग पुऱ्याउन प्रोत्साहित गर्ने ।

६. स्थानीय तहबाट प्रदान गरिने सेवा तथा सामाजिक सुरक्षा भत्ता लगायतका सुविधाहरूलाई बैंकिङ्ग प्रकृयाको माध्यमद्वारा प्रदान गर्ने व्यवस्थाका लागि नेपाल उद्योग वाणिज्य महासंघ र जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाई मार्फत आवश्यक समन्वय एवं सहयोग पुऱ्याउने ।

७. स्थानीय तहमा सञ्चालन गरिने पूर्वाधार विकास, सहरी विकास योजना, बीमा, पर्यटन, वातावरण संरक्षण, जनस्वास्थ्य, विपद व्यवस्थापन, भू–उपयोग तथा जग्गा व्यवस्थापन, कर प्रशासन सुधार, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका बिषयहरूमा जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईसँग सहकार्य गर्ने कार्यलाइ प्रोत्साहित गर्ने ।

८. स्थानीयस्तरमा सञ्चालन हुने विकास निर्माणको कार्यमा सार्वजनिक निजी साझेदारीको अवधारणाअनुसार जिल्ला तथा नगर उद्योग वाणिज्य संघसँग सहयोग एवं सहकार्य गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।

९. स्थानीयस्तरमा उद्यमशीलताको विकास गर्न अनिवार्य भएको तथ्यप्रति विश्वास राख्दै यस सम्बन्धी कार्यक्रमहरू एक आपसमा समन्वय गरी स्थानीय तहमा कार्यक्रम अगाडि बढाउन प्रोत्साहित गर्ने ।

१०. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एबं आर्थिक रूपले पिछडिएका समुदायलाई व्यावसायिक क्रियाकलापहरूतर्फ उन्मुख गराउँदै तिनको सशक्तिकरण गरी संस्थागत सामाजिक जिम्मेवारी (Corporate Social Responsibility-CSR) वहन गर्ने कार्यमा केन्द्रस्तर एवं स्थानीय तहमा आपसी समन्वय तथा सहयोग गर्ने ।

११. स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक मामिलामा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने गराउने सवालहरूमा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईहरूको प्रतिनिधित्व एवं सहकार्य गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।

१२. लघु, घरेलु तथा साना उद्योग व्यवसायको स्थापना, विकास विस्तार तथा बजारीकरण जस्ता कार्यमा स्थानीय तहसँग सहकार्य गर्ने ।

१३. स्वदेशी कच्चा पदार्थमा आधारित तुलनात्मक लाभ भएका उद्योगहरूलाई बढावा दिई रोजगारी श्रृजना गर्ने यस्ता उद्योगहरूको प्रवर्द्धन र विकासमा आपसी सहयोग अभिवृद्धि गर्दै उद्यमीको क्षमता अभिवृद्धि एवं सीप विकास गर्न स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण प्रवर्द्धन गर्ने/गराउने ।

१४. स्थानीय तहले नेपालको संविधानद्वारा प्रदत्त एकल एवं साझा अधिकार अन्तर्गत प्रचलित कानुन बमोजिम लगाउने कर एवं गैरकर राजस्व उठाउने कार्यमा स्थानीय तहको अनुरोध अनुसार नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईले सहयोग, समन्वय र सहजीकरण गर्ने ।

१५. स्थानीय तहलाई स्थानीय स्रोत परिचालन गर्ने सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईले आवश्यक सहयोग गर्ने, गराउने ।

नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट

भवानी राणा
अध्यक्ष

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको तर्फबाट

रुद्रसिंह तामाङ
सह सचिव

मिति : २०७४ साल श्रावण ६ गते शुक्रबार शुभम् ।